# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८२/०८३
च.नं. : ८१४०

मितिः २०८३/०३/०३

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ७०औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) तपशिल वमोजिम रहेको व्यहोरा समेत अनुरोध छ।

**तपशिलः**

मितिः २०८३ असार ४ गते (बिहीबार)
समयः बिहान ८:०० बजे
स्थानः व्यवसाय प्रवर्द्धन केन्द्रको सभाहल, पोखरा-८ सभागृह।

**कार्यसूचीः**

१. आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आर्थिक बर्ष २०८३/०८४ को बजेट वक्तव्य तथा बार्षिक विकास कार्यक्रम सम्बन्धमा।
३. आर्थिक विधेयक, २०८३ सम्बन्धमा।
४. विनियोजन विधेयक, २०८३ सम्बन्धमा।
५. नगरसभामा पेश हुने विधेयक/संशोधन विधेयक/मापदण्ड सम्बन्धमा।
६. विविध।

..........................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका।

मिति -२०८३/०३/०४ गते
स्थान - पोख सभागृह, व्यवसाय प्रवर्द्धन केन्द्रको सभाकक्ष

बैठक संख्या- ७०
समय- दिउसो : ०२-०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको ७० औ बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | Kiran |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८. | सदस्य | का.वा. अध्यक्ष वडा नं.-२५ | श्री धन कुमारी पोखे्रल | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | ...... | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्यूरोड, पोखरा

**७०औं कार्यपालिका बैठक मिति २०८३/०३/०४ गते**

**निर्णय नं १**

६९औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

महानगरपालिकाको नगर कार्यपालिकाबाट नगरसभामा पेश गर्न सिफारिस भएका तपशिल बमोजिमका विधेयक/संशोधन विधेयक/मापदण्ड छलफलका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क. आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम,

ख. आ.व. २०८३/०८४ को बजेट वक्तव्य (राजस्व र व्ययको अनुमान)तथा बार्षिक विकास कार्यक्रम,

ग. न्यायिक समितिको आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन

घ. सार्वजनिक लेखा समितिको आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन

ङ. विधायन समितिको आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन

च. आर्थिक विधेयक, २०८३,

छ. विनियोजन विधेयक, २०८३,

ज. पोखरा महानगरपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०८३

झ. न्यायिक समिति (कार्यविधि सम्बन्धी), ऐन (तेस्रो संशोधन विधेयक), २०८३

ञ. पोखरा महानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ (पहिलो संशोधन विधेयक २०८३)

ट. पोखरा महानगरपालिकाको जलयात्रा/जलपरिवहन सञ्चालन सम्बन्धी विधेयक, २०८३

ठ. पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८० (तेश्रो संशोधन २०८३)

ड. पोखरा महानगरपालिका भवन तथा पूर्वाधार निर्माण मापदण्ड, २०८० (दोस्रो संशोधन)

(विधेयक/संशोधन विधेयक/मापदण्ड अनुसुची १ मा समावेश गरिएको छ ।)

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्ताव भएको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक बजेट रकम रु ७ अर्व १५ करोड २५ लाख र मध्यकालिन खर्च संरचना (MTEF) का सम्बन्धमा छलफल गरी सर्वसम्मतिबाट नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

पोखरा महानगरपालिका वडा नं.१७, छोरेपाटन स्थित पाताले छाँगो (डेभिज फल्स) दृश्यावलोकन स्थलमा पोखरा महानगरपालिका र सेती क्यान्योन प्रा.ली बिच सिसा पुल निर्माण तथा अन्य पूर्वाधार विकास आयोजना संचालनको लागि भएको सम्झौता बमोजिमको पुर्वाधार निर्माण कार्य सुचारू भएकोले दृश्यावलोकनमा अवरोध उत्पन्न भएको हुँदा मिति २०८३ आषाढ ०५ गते शुक्रबार देखि अर्को निर्णय नहुँदा सम्मको लागि पाताले छाँगो (डेभिज फल्स)मा शुल्क संकलनको कार्य स्थगन गर्ने र खटाएका कर्मचारीलाई निर्माण कार्यमा अवरोध नहुने गरी आगन्तुक पर्यटकलाई निश्चित् दुरी कायम गरी मानवीय सुरक्षालाई ध्यान दिई आवश्यक सहजीकरण गर्ने गरी सोही स्थानमा कामकाजको लागि निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५**

पोखरा महानगरपालिका नगर कार्यपालिकाको निर्णयानुसार छानबिन, अनुसन्धान जाँचबुझ गरी राय सहितको प्रतिवेदन पेश गर्न गठन भएका समितिहरुका पदाधिकारीहरुले प्राप्त गर्ने सुविधा पोखरा बसपार्कको जग्गा वितरण/सट्टापट्टासँग सम्बन्धित समितिको हकमा पोखरा उपत्यका नगर विकास समितिको निर्णय बमोजिम हुने र अन्य समितिको हकमा पोखरा महानगरपालिका खर्च सञ्चालन निर्देशिका, २०८१ मा व्यवस्था भएबमोजिम उपलब्ध गराउने निर्णय गरियो। साथै समितिलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने कार्यमा खटिएका जनशक्तिहरुका लागि कार्य गरेको दिन एकिन गर्ने र कार्यको आधारमा मूल्याङ्कन गरी प्रोत्सहान स्वरुप कर्मचारीको मासिक शुरु तलब स्केलको दामासाहीले हुने दिनको तलब बराबरको आधा रकम खर्च सञ्चालन निर्देशिका, २०८१ को दफा ३१ उपदफा (८) बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ६**

मिति २०८३ असार ४ गतेका लागि आव्हान भएको १९औं नगरसभा सफलतापूर्वक सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

पोखरा महानगरपालिका वडा नं. १६ र १९ मा रहेको गोस्ते लामाचौर तल्लो गोस्ते बाँया घाटमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लिखित उत्खनन् योग्य परिमाण ११,२५० घनमिटर रहेको देखिएको। महानगरपालिकाबाट उक्त घाटको निर्माण सामग्री उत्खनन् र निकासी गर्न आय ठेक्का आव्हान गरी दादा विल्डर्स प्रा.लि सँग मिति २०८२/०८/०९ मा सम्झौता भएकोमा वडा नं. १६ र १९ को सिमानामा घाट सञ्चालन तथा व्यवस्थापन समितिले निर्माण गरेको घाटका संरचना तथा पार्कका कारण नदी किनारामा रहेका खोरीहरुबाट सामाग्री संकलन गर्न अवरोध पुर्याएको भनी दादा विल्डर्स प्रा.लि.बाट १९ नं वडा कार्यालयको क्षतिपुर्तिको सिफारिस सहित विभिन्न मितिमा महानगरपालिकामा निवेदन पेश हुन आएको र यस सम्बन्धमा पटक पटक समस्याको समाधान गर्ने प्रयास गर्दा समेत समाधान हुन नसकेको तथा ३२ नं वडा कार्यालयमा तल्लो खेत घाटमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लिखित उत्खनन् योग्य परिमाण ६,८८० घनमिटर रहेको देखिएको र महानगरपालिकाबाट उक्त घाटको निर्माण सामग्री उत्खनन् र निकासी गर्न आय ठेक्का आव्हान गरी दादा विल्डर्स प्रा.लि सँग मिति २०८२/०९/२८ मा सम्झौता भएकोमा स्थानीयको अवरोधका कारण IEE मा उल्लिखित परिमाणमध्ये केही परिमाण मात्र उत्खनन् र निकासी भएको, बाँकी परिमाण उत्खनन् तथा संकलनको लागि सहजीकरण गरिदिन दादा विल्डर्स प्रा.लि बाट निवेदन पेश भएकोमा IEE प्रतिवेदन तयार गर्ने संस्थाबाट उल्लेख भएको परिमाण संकलन हुन नसकेको देखिएकोले सो संस्था समेतसँग सोधपुछ जाँचबुझ गरी यि दुबै घाटको सम्बन्धमा के कसो भएको हो? अध्ययन विश्लेषण गरी राय सहितको प्रतिवेदन पेश गर्ने कार्यजिम्मेवारी प्रदान गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो। साथै समितिबाट प्रतिवेदन पेश भई निर्णय नहुँदासम्मको लागि बैंक ग्यारेन्टी रोक्काको लागि सम्बन्धित बैंकलाई पत्राचार गर्न राजश्व महाशाखालाई निर्देशन दिने समेत निर्णय गरियो।

**तपशिल:**

| | |
|---|---|
| श्री किसान सिंह गुरुङ, विज्ञ प्राविधिक समिति | :संयोजक |
| श्री सुरेन्द्र पौडेल, सिनियर इन्जिनियर | :सदस्य |
| श्री उदय बास्तोला, इन्जिनियर | :सदस्य |
| श्री जगन्नाथ कोइराला, सिनियर सब इन्जिनियर | :सदस्य |
| श्री बल विक्रम दाहाल, इन्जिनियर | :सदस्य सचिव |

**निर्णय नं ८**

मिति २०८२ भदौ २४ अगाडि खरिद भएका विभिन्न जिन्सी सामाग्रीहरु मिति २०८२ भदौ २३ र २४ को आन्दोलनको क्रममा तोडफोड र आगजनीबाट नष्ट भएको तर आन्दोलन पछाडी बिल प्राप्त हुन आएकोले PAMS प्रणालीमा प्रविष्ट हुन नसकेको हुँदा त्यस्ता सामानको भूक्तानी सम्बन्धमा छलफल हुँदा यस सम्बन्धमा भण्डार शाखामा पेश भएको कागजातहरु, कर्मचारीबाट जिन्सी सामाग्री माग भएका माग फारामहरु र भण्डार शाखाको सिफारिसका आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

पोखरा महानगरपालिका वडा नं २ को सिफारिसमा विन्दावासिनी माध्यमिक विद्यालयलाई महानगरबाट खरिद गरिएको कम्प्युटर टेबल र कुर्ची ३०/३० थान महानगरको PAMS प्रणालीमा प्रविष्ट भइसकेको तर रकम भूक्तानी नहुँदै सक्कल बिल भरपाई मिति २०८२ भदौ २४ को आन्दोलनको क्रममा जलि नष्ट भएकोले विद्यालयलाई सामान हस्तान्तरण गरिएको फाराम संलग्न गरी रकम भूक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

पोखरा महानगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित योजना तथा कार्यक्रमका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण गर्दा औँल्याइएका बेरुजुका सम्बन्धमा छलफल हुँदा संघ/संस्था/व्यक्तिको नाँउमा असुल उपर गर्नुपर्ने देखिएको रकम असुल उपर गर्न लेखि पठाउने निर्णय गरियो। साथै नियमित गर्नुपर्ने भनी औँल्याइएका बेरुजु रकमका सम्बन्धमा आवश्यक विवरण सहित नियमित गर्न नगरसभामा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ११**

पोखरा महानगरपालिकामा आ.व. २०८२/०८३ मा सञ्चालित विभिन्न कार्यक्रम तथा योजनाहरु एवं बजार अनुगमन गरी कार्यपालिकामा पेश हुन आएको प्रतिवेदन छलफल गर्दा प्रतिवेदनमा उल्लिखित सुझावहरु कार्यान्वयन गर्ने गरी उक्त प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।